


# “कसैलाई मतलब छैन”

## नेपालमा दलित विरुद्ध वंशमा आधारित विभेद

एम्नेस्टी इन्टरनेसनल

हामी सबैले हाम्रो मानवअधिकार उपभोग गर्न सकौं भन्नका लागि सबैमा अन्तर्निहित मानवतालाई परिचालन गर्दै अभियान सञ्चानल गर्ने एक करोड भन्दा बढी मानिसको अभियान हो एम्नेस्टी इन्टरनेसनल। हामीले यस्तो संसारको परिकल्पना गरेका छौं जहाँ सत्तामा रहेकाहरूले आफ्नो वाचा पूरा गर्ने, अन्तर्राष्ट्रिय कानूनलाई सम्मान गर्ने र जवाफदेहिता प्रदर्शन गर्ने छन्। हामी कुनै पनि सरकार, राजनीतिक विचारधारा, आर्थिक स्वार्थ वा धर्मबाट स्वतन्त्र छौं र सदस्यता शुल्क तथा सार्वजनिक अनुदान हाम्रो आर्थिक श्रोत हो। संसारभरीका मानिसहरूसँग ऐक्यबद्धता र सद्भावका साथ मिलेर काम गर्दा हाम्रा समाजहरू सँदाका लागि अझ राम्रो हुनेछ भन्ने कुरामा हामी विश्वास राख्दछौं।

© एम्नेस्टी इन्टरनेसनल २०२४
अन्य तरिकामा उल्लेख गरिएको बाहेक, यो दस्तावेजको सामग्री क्रिएटिभ कमन्स (attribution, non-commercial, no derivatives, international 4.0) को मातहतमा इजाजत प्राप्त छ।
https://creativecommons.org/licenses/by-nc-nd/4.0/legalcode
थप जानकारीको लागि हाम्रो वेबसाइट www.amnesty.org को अनुमति पृष्ठमा हेर्नुहोला।
एम्नेस्टी इन्टरनेसनल बाहेक अन्यको प्रतिलिपि अधिकार भएको सामग्री क्रिएटिभ कमन्सअन्तर्गत पर्ने छैन।
प्रथमपटक प्रकाशित मिति २०२४
एम्नेस्टी इन्टरनेसनल लि.
पिटर बेनन्सन् हाउस, १ इस्टन स्ट्रिट
लण्डन WC1X 0DW, UK

**Index: ASA 31/7980/2024**
**Original language: English**

**amnesty.org**

*आवरण तस्बिर* : © *इमा अनिस एम्नेस्टी इन्टरनेसनल*

एम्नेस्टी इन्टरनेसनल

# १. कार्यकारी सारांश

छुवाछूतको अभ्यास र न्यायको पहुँचमा दलित र विशेषगरी दलित महिलाहरूले भोग्ने चुनौतीका साथै उनीहरूले अनुभव गरेका प्रणालीगत जातीय विभेदलाई यस प्रतिवेदनले अभिलेख गरेको छ। मानवअधिकार र अन्तरसमूहगत दृष्टिकोणलाई प्रयोग गर्दै यस प्रतिवदेनले प्रणालीगत विभेद र असमानता नै धेरै मानवअधिकार उल्लङ्घनहरूको कारक र परिणाम भएको तथा असमान शक्ति सम्बन्धको एउटा प्रणालीको रूपमा रहेको नस्लवादले मानवअधिकार उल्लङ्घनका साथै अधिकार प्राप्तिमा अवरोध सिर्जना गर्ने कुरालाई स्थापित गरेको छ।

"छुवाछूत" "जात व्यवस्था" बाट आएको "अपवित्रता" को अवधारणामा जरा गाडेको एक प्रकारको विभेद हो र नेपालका दलितहरूका लागि यो दैनिक अनुभव हो, जसलाई दलित महिला र बालिकाहरूले अझ विशेष नराम्रोसँग महसुस गर्ने गर्छन्।

हिन्दू धर्ममा जरा गाडेको तर देशका हरेक धर्मले लागू गरेको जातिय व्यवस्थाले सिर्जना गरेको यस सामाजिक पदानुक्रममा दलितहरू तथाकथित "तल्लो जात" हुन्। दुई करोड ९० लाख कुल जनसङ्ख्यामा करिब १३.८ प्रतिशत दलितहरू रहेका छन्। यस पृथकीकरण प्रणालीले नेपालमा दलितहरू विरुद्ध गहिरो विभेद र हिंसाको सृजना गर्दछ र दलित महिला तथा बालिकाहरू उनीहरूको अन्तर्सामूहिक पहिचान (intersectional identity) का कारण यो हिंसामा बढी परेका छन्।

नेपालले गएका २० वर्षहरूमा जातीय विभेदलाई अन्त्य गर्ने सवालमा संवैधानिक व्यवस्थामा सुधार गर्नुका साथै जातीय विभेदका कतिपय स्वरूपलाई सार्वजनिक र निजि ठाउँहरूमा निषेध गर्ने उद्देश्यका साथ जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ (यसपछि छुवाछूत विरुद्धको ऐन भनिएको) नाम दिइएको विशिष्टिकृत कानूनको अवलम्वनसमेत गरेर विभिन्न महत्त्वपूर्ण सुधारहरू गरेको छ। यस प्रतिवेदनमा दस्तावेजीकरण गरिएअनुसार विद्यमान कानुनी खाकामा केही छिद्रहरू रहेको छन्। जस्तै लैङ्गिकता र जातीय विभेदबीचको अन्तर्सामूहिकता (intersectionality) का सवाललाई आत्मसात गर्ने स्पष्ट विधि तथा कानुनको अभाव रहेको छ। अझ महत्त्वपूर्ण त के छ भने संरक्षणका प्रावधानहरू कागजमा मात्र सीमित रहेको जस्तो देखिन्छ किनभने नेपाली दलितहरूको दैनिक जीवनको प्रत्येक पाटो एकदमै गहिरो गरी जरा गाडेर बसेको विभेदले रङ्गिएको छ।

"छुवाछूत" को अभ्यासले दलितहरूको मानवअधिकारमा परेको प्रभावका सयौं उदाहरणहरूलाई एम्नेस्टी इन्टरनेसनलले सुनेको छ। जस्तो दलितहरूले सार्वजनिक पानीको स्रोतबाट पानीमा पहुँच प्राप्त गर्न सक्दैनन्, गैर-दलितहरूसँग एउटै टेबलमा बसेर खाना खान सक्दैनन्, गैर-दलितहरूको घरमा प्रवेश गर्न वा गैर-दलितहरू भएका पसल वा पूजास्थलहरूमा प्रवेश गर्न सक्दैनन्।

यस प्रतिवेदनले युवा दलितहरूले अन्तरजातीय सम्बन्धका कारण जातीय विभेदको सामना गरेका घटनाहरूमाथि पनि प्रकाश पार्दछ। कतिपय यस्ता विभेदका धेरै घटनाहरू हिंसा र हत्यामा समेत परिणत

भएका छन्। नेपालमा महिला हिंसा पनि व्यापक हुने गरेकोले दलित महिला र केटीहरूले जातीय, लैङ्गिक, वर्गीय र अन्य मापकहरूको अन्तर्सामूहिकताका कारण हुने धेरै तहका विभेदको सामना गर्ने गर्दछन्।

नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूले जातीयता र लैङ्गिकताका आधारमा समानता र गैर विभेदको अधिकारलाई सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्वहरू सिर्जना गरेका छन्, जसमा तेस्रो (गैर-राज्य) पक्षहरूबाट हुने हिंसा र विभेद जस्ता मानवअधिकार दुर्व्यवहारबाट संरक्षण गर्ने संरक्षण गर्ने दायित्वसमेत समावेश रहेको हुन्छ।

नेपालले अनुमोदन गरेका सबै १३ सन्धिहरू वंशमा आधारित विभेदसँग सान्दर्भिक छन् किनभने नेपालमा दलितहरूले भोग्ने उत्पीडन उनीहरूको धेरै मानवअधिकार जस्तै पानी, शिक्षा र आवासमा पहुँच र श्रमको अधिकार, हिंसामुक्त जीवन जिउने अधिकार, यातना र अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहारबाट मुक्त जीवन जिउने अधिकार, जीवन, सुरक्षा र अखण्डताको अधिकार, महिलाको विभेद र हिंसामुक्त जीवन जिउने अधिकार लगायतको उल्लङ्घनको कारक र परिणाम हुन्। यद्यपि, संक्षिप्तताको लागि दुई मुख्य सन्धिहरूबाट सिर्जित हुने नेपालको दायित्वमा यो प्रतिवदेन केन्द्रित छः जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (सर्ड) र महिलाविरुद्धको विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (सिड)।

**यस प्रणालीगत विभेदलाई संबोधन गर्नका लागि नेपालद्वारा चालिएका कदमहरू पर्याप्त छैनन् भन्ने नै यस प्रतिवेदनको मुख्य निचोड रहेको छ।** जातीय विभेदलाई सम्बोधन गर्ने आफ्नो मानवअधिकार कर्तव्य पूरा गर्न राज्य विफल भइरहेको छ र यसका लागि बनाइएको विशेष कानून, छुवाछूत विरुद्धको ऐनको प्रभावकारी कार्यान्वयन भएको छैन र यो ऐन निकै गहिरो जरा गाडेर रहेको यो विभेदको प्रणालीलाई संबोधन गर्न पर्याप्त छैन। राज्यले दलित मानिस र विशेष गरी दलित महिला र बालिकाहरूलाई अन्य व्यक्तिहरू (तेस्रो पक्ष) बाट हुने जातीय र लैङ्गिक विभेदका कार्यहरू विरुद्ध संरक्षण गर्ने आफ्नो दायित्व पनि पूरा गरिरहेको छैन। अन्तमा, राज्यले न्यायमा पर्याप्त पहुँच का साथै यस्ता विभेदका कारण भएको क्षतिको उचित सममा र पर्याप्त परिपूरण प्रदान गर्ने आफ्नो दायित्व पूरा गरिरहेको छैन।

जातीय विभेद र हिंसाका लागि न्याय खोज्न प्रयास गर्दा दलितहरू, विशेष गरी दलित महिलाहरूले सामना गर्ने व्यवधानहरूको बारेमा प्रतिवेदनले विस्तृत रूपमा वर्णन गर्दछ। प्रणालीगत विभेदको मामलामा अक्सर सधैं जसो उत्पीडित व्यक्तिहरूको लागि न्यायको पहुँचमा अवरोधहरू धेरै छन् र तिनले एकअर्कालाई सुदृढ बनाउने गर्छन्। यस प्रतिवेदनले पीडित उत्तरजीवी र उनीहरूको न्यायका लागि काम गर्ने संस्थाका अनुभवका आधारमा न्यायका लागि देखिएका मुख्य अवरोधहरूको बारेमा प्रतिनिधिमूलक ढङ्गमा विश्लेषण गरेको छ। उनीहरू सबैले हिंसा पीडित तथा तिनका परिवारलाई न्यायमा पहुँच प्राप्त गर्नमा प्रहरीको अवरोधक भूमिकाका बारेमा जोड दिएका छन्। अन्य अवरोधहरूमा छुवाछूत विरुद्धको ऐनमा रहेको अपर्याप्त हदम्याद, जवाफदेहिताको अभाव, न्याय प्रणालीमा दलित समुदायको प्रतिनिधित्वको अभाव र प्रभावकारी अनुमगन संयन्त्रको अभाव पनि रहेका छन्। यी विशिष्ट कारकहरूमा दलित र विशेष गरी दलित महिला तथा बालिकाविरुद्धको प्रणालीगत विभेद अन्तर्निहित रहेको हुन्छ जसले न्याय प्रणाली र समाजका सबै पक्षहरूलाई ढाकेको छ।

**यस प्रतिवेदनको दोस्रो महत्त्वपूर्ण निष्कर्ष के हो भने यी असफलताहरूले गर्दा नेपालको न्याय प्रणाली र दलितहरूलाई न्याय दिने यसको क्षमतामाथि पूर्ण अविश्वास पैदा गरेको छ।** नेपालमा न्यायमा पहुँचसम्बन्धी जानकारी प्राप्त गर्न गाह्रो भएता पनि एम्नेस्टी इन्टरनेसनलले प्रहरीको वार्षिक प्रतिवेदनबाट सङ्कलन गरेको तथ्याङ्कले विभेद र हिंसाका घटनाहरूमा चिन्ताजनक हिसाबले कम रिपोर्टिङ्ग हुने गरेको ढाँचा र जातीय अपराधका सम्बन्धमा अलग्गै छुट्ट्याइएको पर्याप्त तथ्याङ्कको अभाव रहेको देखाउँछ। ३६ लाख भन्दा बढी दलित जनसङ्ख्या भएको देशमा तीन प्रदेशका आधाभन्दा बढीले गत वर्ष (अध्याय ४.१

मा व्याख्या गरिएको सामुदायिक धारणामा संयुक्त राष्ट्रसंघको प्रतिवेदनअनुसार) जातीय विभेदको अनुभव गरेको जनाएका छन्। छुवाछूत विरुद्धको ऐनअन्तर्गत प्रति वर्ष करिब ३० देखि ४३ वटा जाहेरी दर्खास्त (जाहेरी) दायर गरिएको प्रहरीको रिपोर्टमा उल्लेख छ। महिला र बालिकाविरुद्ध हुने लिङ्गका आधारमा हुने हिंसाको सवालमा आधिकारिक तथ्याङ्क (पछिल्लो जनसांख्यिकीय र स्वास्थ्य सर्वेक्षण, २०२३ मा प्रकाशित) अनुसार, १५ देखि ४९ वर्षका सबै महिलाहरूमध्ये आफूले अनुभव गरेको कुनै पनि प्रकारको शारीरिक वा यौन हिंसा रोक्नका लागि केबल २८% ले मात्रै सहयोगको खोजी गरेका छन्। दलित महिलाहरूमा त यो प्रतिशत अझ कम छ। हिंसा भोगेका र सहयोग मागेका महिलामध्ये केबल ७.२% मात्रै प्रहरीमा पुगेका छन्।

यस प्रतिवेदनले यी सबै कारकहरूले कसरी जातीय र लैङ्गिक हिंसाका पीडकहरूलाई कुनै पनि दण्डित हुनु नपर्ने “दण्डहीनताको संस्कृति” सिर्जना गर्न योगदान पुर्‍याउँछ भन्ने बारेमा दस्तावेजीकरण गरेको छ। यस प्रतिवेदनमा अभिलिखित विभेद र हिंसा - र दण्डहीनता - अनियमित, व्यक्तिगत दुर्व्यवहारको परिणाम होइन। बरु, तिनीहरू जातिवाद र पितृसत्ता, शक्ति असंतुलन तथा असमानता र समाजमा दलित, महिला र केटीहरूलाई कम मूल्य प्रदान गर्ने हानिकारक सामाजिक र सांस्कृतिक मान्यताबीचको संरचनात्मक सम्बन्धमा गहिरो जरा गाडेर रहेका हुन्छन्। हिंसाको व्यापक सामान्यीकरणले यसलाई निरन्तरता दिन्छ। यस प्रतिवेदनले राष्ट्रिय आयोगहरूको भूमिकालाई पनि दस्तावेजीकरण गरेको छ। यी आयोगहरूको भूमिका जातीय विभेदका अपराधहरूको सम्बोधनका लागि सँगै मिलेर काम गर्ने प्रभावकारी तरिकाहरूको अभावले गर्दा सीमित छ। जातीय विभेदभावलाई सम्बोधन गर्नका लागि राष्ट्रिय दलित आयोगसँग प्रभावकारी रूपमा अनुगमन गर्न, अनुसन्धान गर्न र सिफारिसहरू उपलब्ध गराउन स्रोतको अभाव रहेको छ।

एम्नेस्टी इन्टरनेसनलले फेब्रुअरी र जुन २०२३ को बीचमा फेमिनिस्ट दलित सङ्गठन (फेडो) र समता फाउन्डेसनलगायतका स्थानीय साझेदारहरूसँगको सहकार्यमा **सहभागितामूलक पद्धति मार्फत नेपालमा यो अनुसन्धान गरेको थियो।** यस प्रतिवेदनमा अन्तर्राष्ट्रिय मानवअधिकार संरचनाअन्तर्गत राज्यका मुख्य दायित्वहरूका साथै सान्दर्भिक राष्ट्रिय कानूनहरूको विश्लेषण समावेश गरिएको छ। राज्य र परामशर्श गरिएका १५ जना विशेषज्ञहरूले छुवाछूत विरुद्धको ऐनको प्रधानतालाई प्रकाश पारेका थिए। त्यस कारणले गर्दा यो प्रतिवेदन नेपालमा न्यायको पहुँचमा दलितहरूले सामना गर्ने खाडलहरूलाई अझ राम्ररी बुझ्नको लागि छुवाछूत विरुद्धको ऐनको प्रभावकारी कार्यान्वयनमा रहेका केही खाडलहरूमा मूख्य रूपमा केन्द्रित रहेको छ।

एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरूले समुदायका नेता, अभियानकर्ता र महिला मानवअधिकार रक्षकसमेत गरी ५२ सरोकारवालाहरूसँग उनीहरूले भोगेको जातीय विभेदको अनुभव बुझ्नको लागि समूह छलफलहरू सञ्चालन गरेका थिए। तीमध्ये अधिकांश महिला थिए। यसका अतिरिक्त अनुसन्धानकर्ताहरूले जातीय हिंसाबाट पीडित २१ जना दलित महिलाहरूसँग एकल अन्तर्वार्ता गर्नुका साथै अन्तरजातीय सम्बन्धका कारण भएको हिंसामा परी मारिएका तीन युवा पीडितहरू अङ्गिरा पासी, अजित ढकाल मिजार र नवराज बिक परिवारका सदस्यहरूसँग पनि अन्तर्वार्ता लिए। भौगोलिक क्षेत्रका आधारमा अनुसन्धानले मधेश प्रदेशको जनकपुर, सिरहा, सप्तरी र लुम्बिनी प्रदेशको रुपन्देही तथा कर्णाली प्रदेशको सुर्खेत र जाजरकोटलाई समेटेको छ। र यी स्थानहरू यी क्षेत्रहरूमा जातीय विभेदको व्यापक घटना पुष्टि गर्ने रिपोर्टहरूको आधारमा साझेदारहरूसँगको छलफलमा चयन गरिएको थियो।

यो अनुसन्धान एम्नेस्टी इन्टरनेसनलको नैतिक मापदण्डअनुसार गरिएको थियो, जसअनुसार समूह छलफलमा भाग लिएका दलित पुरुष र महिलाहरूको सुरक्षा जोखिमलाई न्यूनीकरण गरेर उनीहरूसँगको सूचित सहमतिका आधारमा मात्रै उनीहरूलाई उक्त छलफलमा समावेश गरिएको थियो। एम्नेस्टी इन्टरनेसनलले अनुसन्धानमा सहभागी भएका उत्तरजिवी पीडितहरूलाई सशक्तिकृत र सकारात्मक बनाउने

गरी अनुसन्धानका विधिहरूलाई प्रयोग गरेको थियो। र यस प्रतिवेदनको विश्लेषण र सिफारिसहरू प्रमुख दलित सरोकारवालाहरूसँग गरिएको विभिन्न व्यक्तिगत कार्यशालाहरूको आधारमा मस्यौदा गरिएको छ।

अनुसन्धानकर्ताहरूले विद्यमान नियम, कानून र संयुक्त राष्ट्र सङ्घीय निकाय र विशेष संयन्त्रहरू, नागरिक समाज संगठनहरू, शिक्षाविद्हरू र मिडियाका प्रतिवेदनलगायतका सान्दर्भिक साहित्यहरूको समीक्षा पनि गरेका थिए। अन्तमा, अनुसन्धानकर्ताहरूले सार्वजनिक अधिकारीहरूलाई पनि भेटेका थिए र सम्बन्धित सरकारी कार्यालयहरूलाई आरोपहरूका बारेमा जानकारी र उनीहरूको टिप्पणीको लागि अनुरोध गर्दै पत्रहरू पठाएका थिए। तर कुनै जवाफ प्राप्त भएन।

**संवैधानिक र कानुनी सुधारका साथै नीति र संस्थाहरूको निर्माणको बावजुद दलितहरू विरुद्धको विभेद अझै पनि व्यवस्थित र व्यापक रहेको र यसले उनीरूको जीवन र मानवअधिकारमा ठोस प्रभाव पारेको यस प्रतिवेदनको निष्कर्ष रहेको छ।** दण्डहीनताको संस्कृति व्याप्त छ र यो सुदृढ भइरहेको छ। यसले समाजलाई जातीय र लिङ्गमा आधारित हिंसा र विभेद "स्वीकार्य" र "प्राकृतिक" हो भन्ने सन्देश दिइरहेको छ। यस प्रतिवेदनका लागि अन्तर्वार्तामा सहभागी एकजना दलित महिला अनिता महराले प्रष्टसँग "कसैलाई मतलब छैन" भने जस्तै देखिन्छ।[१]

दलित समुदाय र विशेगगरी दलित महिला तथा बालिकाहरूको यस प्रतिवेदनमा अभिलिखित अनुभव र परिवर्तनका लागि उनीहरूको विचारको आधारमा नेपाललाई एम्नेस्टी इन्टरनेसनल देहायको सिफारिसहरू गर्दछः

**नेपालले मानवअधिकारसम्बन्धी दायित्वहरूमा आधारित रहेर र अन्तरसामूहिकताको दृष्टिकोणलाई ध्यान दिँदै नेपालमा गहिरो गरी जरा गाडेर रहेको जात र लैङ्गिकतामा आधारित हिंसा र विभेदको लागि साँच्चिकैको रूपान्तरणकारी प्रतिकार्य योजना सिर्जना गर्नुपर्दछ।** यस योजनाले दण्डहीनताको संस्कृति विरूद्ध लड्न आवश्यक छ र यसले अपराधिकरणका उपायहरू भन्दा पृथक र फराकिला उपायहरू तर्जुमा गर्नुपर्दछ। जसमा रूढी धारणा (stereotype) र पूर्वाग्रह विरुद्ध लड्नका लागि सचेतना अभियानका साथै प्रणालीगत जातिवादलाई ध्वस्त पार्न र समाज र मुख्य संस्थाहरूमा विद्यमान लैङ्गिकतामा आधारित हिंसा विरुद्ध लड्नका लागि लक्षित नीतिहरूको विकास पनि पर्दछ। यसमा पीडित उत्तरजीवीहरूलाई सहयोग, संरक्षण र पर्याप्त उपचारको व्यवस्थाका साथै उनीहरूको सशक्तिकरणको विषय र हिंसा तथा विभेदलाई प्रभावकारी रूपमा रोकथाम गर्नको लागि स्पष्ट उपायहरू पनि समावेश गर्नुपर्छ। समस्याको व्यापकतालाई बुझ्न र प्रगतिको मापन गर्नका लागि विस्तृत अलग-अलग तथ्याङ्क सङ्कलन यस योजनाको प्रमुख भाग हुनुपर्छ।

**उत्पीडन र गहिरिएर रहेको जातीय पूर्वाग्रह, पितृसत्ता र विभेदको संस्कृतिको अन्तरपुस्तागत इतिहासका कारण कमजोर रहेको उनीहरूको अवस्थामा सुधारका लागि राज्यले अस्थायी विशेष उपायहरूका साथै दलित र विशेष गरी दलित महिला र बालिकाहरूद्वारा सबै मानवअधिकारहरूको पूर्ण प्राप्तिको लागि उपयुक्त विधायिकी, प्रशासनिक, बजेटगत, न्यायिक र अन्य कार्यहरू अवलम्बन** गर्नुपर्दछ। यी कार्यहरूले समाजमा रहेको छुवाछूतको संस्कृति र अभ्यासलाई रूपान्तरण गर्ने र दलित विरूद्ध हुने पृथकीकरण, बहिष्करण तथा हिंसाको सामान्यीकरणलाई प्रतिवाद गर्नेतर्फ लक्षित सारभूत समानतालाई प्रवर्धन गर्नुपर्छ।

मानवअधिकारको परिपूर्ति गर्ने राज्यको दायित्व भएकोले जब विभेद वा अन्य मानवअधिकार दुर्व्यवहार हुन्छ **राज्यले दलित र विशेष गरी दलित महिला तथा बालिकाहरूलाई न्यायमा पर्याप्त पहुँच र यथा**

[१] अनिता महरासँग एम्नेस्टी इन्टरनेसनलले गरेको अन्तर्वार्ता (सुरक्षाका लागि नाम परिवर्तन गरिएको छ), १ जुन २०२३

**समयमै परिपूरण प्रदान** गर्नुपर्दछ। त्यस्ता प्रावधानहरूमा लैङ्गिक र जातीय-संवेदनशील र पर्याप्त अनुसन्धान, कानुनी कारबाही, प्रमाणहरूको व्यवस्थापन, रोकथाम, तथा कानून र नीतिको प्रभावकारी कार्यान्वयन र अनुगमनको व्यवस्था समावेश हुनुपर्छ। जात र लैङ्गिकताका आधारमा हुने अन्तरसमूहगत विभेदलाई निषेध गर्ने कानुनका साथै न्याय निरूपण र तथ्याङ्क सङ्कलनमा जात र लैङ्गिकतालाई समावेश गर्न अन्य उपयुक्त उपायहरूको अवलम्बन गरिनुपर्छ।

**यो सबै गर्दा राज्यले दलित जनता एवं उनीहरूसँग काम गर्ने संस्था र विशेषगरी दलित महिलाहरूको आवाज सुन्नुपर्दछ** र उनीहरूसँगै मिलेर अर्थपूर्ण समाधानहरूको तर्जुमा गर्नुपर्छ। दलितहरूले शताब्दीयौंदेखि भोग्दै आएका ऐतिहासिक उत्पीडनको जवाफदेहिता र उपचार सहित यस विरासतको सामना गर्ने संयन्त्रका लागि पनि राज्यले विचार गर्नुपर्छ।

यी फराकिला सिफारिसहरूका अतिरिक्त एम्नेस्टी इन्टरनेसनलले विभिन्न संस्थाहरूका लागि विशेष सिफारिसहरू पनि प्रदान गरेको छः

**सङ्घीय संसद्का लागि गरिएका सिफारिसहरू :**

छुवाछूत विरुद्धको ऐन र अन्य सान्दर्भिक कानूनअन्तर्गत जातीय विभेदका घटनाहरूको सवालमा उजुरी गर्नमा रहेको अवरोधका साथै जात तथा लैङ्गिकतामा आधारित विभेदमा अन्तर्समूहगत दृष्टिकोणको अभावलाई ध्यानमा राख्दै विद्यमान कानून र प्रक्रियागत नियमहरूको समीक्षा गर्ने। विशेषगरी एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले संघीय संसद्लाई निम्न सवालहरूमा ठोस परिवर्तन कार्यान्वयनका लागि दलित समुदाय, पीडित उत्तरजीवीहरू र साझेदारहरूसँग स्वतन्त्र र स्वच्छ परामर्श गर्नका लागि आह्वान गरेको छः

- जातमा आधारित विभेदको बारेमा उजुरी गर्ने सवालमा बाधक रहेको छोटो र अपर्याप्त हदम्यादलाई संशोधन गर्ने;
- जातका आधारमा हुने अपराधको उजुरी प्राप्त गर्दा र सोसँग सम्बन्धित जाहेरीहरू दर्ता गर्दा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले लापरवाही, अनिच्छा वा इन्कार गरेमा, अनौपचारिक मध्यस्थताको सहारा लिएमा र/वा प्रभावकारी र समयोचित अनुसन्धान गर्न र अभियोगपत्र दायर गर्न विफल रहेमा सोको अनुसन्धानका लागि एउटा स्वतन्त्र संयन्त्र स्थापना गर्ने;
- छुवाछूत विरुद्धको ऐन र सम्बद्ध कसूरहरूमा दलित पीडित उत्तरजीवीहरूबाट जाहेरी दर्ता गर्ने समयमा अनावश्यक र अव्यवहारिक प्रमाणको माग नगरी प्रभावकारी र समयोचित तवरले छुवाछूत विरूद्धको ऐनको सही दफाअन्तर्गत सही तरिकाले मुद्दा दर्ता, अनुसन्धान र अभियोजन हुने कुरा सुनिश्चित गर्नका लागि जातीय विभेदका घटनाहरूको अनुसन्धान, अभियोजन र निगरानीसम्बन्धी मार्गदर्शनका लागि विभेद र छुवाछूतविरुद्ध नियमावलीहरूको वृहद् मस्यौदा तयार गर्ने;
- छुवाछूत विरुद्धको ऐनको कार्यन्वयनको अवस्थासम्बन्धी प्रतिवेदन संसदमा छलफल हुने कुरा सुनिश्चित हुने गरी संसद्को कानुन, न्याय तथा मानवअधिकार समिति र/वा अन्य प्रक्रियाहरूको कार्यक्षेत्र मातहत छुवाछूत विरुद्धको ऐनको कार्यान्वयन सुनिश्चित गर्न एक निरीक्षण संयन्त्र सिर्जना गर्ने;
- प्रहरी अनुसन्धान र अभियोजनमा तथा दलित महिला र बालिकाहरूलाई अझ राम्रो सेवा प्राप्त गर्न सक्षम बनाउनका लागि जातलाई अन्तरसामूहिक तत्वका रूपमा लिनेगरी छुवाछूतविरुद्धको ऐनलाई अन्य कानुनहरू विशेष गरी लैङ्गिक हिंसासँग सम्बन्धित कानूनहरूसँग जोड्ने ।
- छुवाछूतविरुद्धको ऐनअन्तर्गतका जातीय विभेदका घटना तथा मुद्दाहरूका साथै दलित महिला

बालिकाहरूलाई असर गर्ने जातीय तथा लैङ्गिक हिंसाका घटनाहरूलाई पर्याप्त रूपमा अभिलेख गर्नका लागि विस्तृत तथ्याङ्क सङ्कलनको सुनिश्चित गर्ने।

**प्रधानमन्त्रीको कार्यालयको लागि गरिएका सिफारिसहरूः**

- जातका आधारमा हुने अपराधको उजुरी प्राप्त गर्दा र सोसँग सम्बन्धित जाहेरीहरू दर्ता गर्दा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले लापरवाही, अनिच्छा वा इन्कार गरेमा, अनौपचारिक मध्यस्थताको सहारा लिएमा र/वा प्रभावकारी र समयोचित अनुसन्धान गर्न र अभियोगपत्र दायर गर्न विफल रहेमा सोको अनुसन्धानका लागि एउटा स्वतन्त्र संयन्त्र स्थापना गर्ने। यदि प्रमाण पुगेको खण्डमा त्यस संयन्त्रसँग अधिकारीहरूलाई कारबाही गर्ने अधिकार हुनुपर्छ।
- ऐनको कार्यान्वयनका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको सम्भावित संलग्नतामा एक निरीक्षण संयन्त्र स्थापना गर्ने;
- जातीय विभेद विरूद्धका नीति र कार्यक्रमलाई प्राथमिकतामा राख्न र भुइँ तहमा प्रभावकारी अभियानहरू सञ्चालन गर्नका लागि स्थानीय तहका सरकारहरूलाई संघीय र प्रादेशिक सरकारले पर्याप्त स्रोत र आवश्यक सहयोग उपलब्ध गराउने कुरा सुनिश्चित गर्ने;
- जातीय विभेद तथा छुवाछूत सम्बद्ध कानुनको कार्यान्वयन गर्ने भूमिका र जिम्मेवारीको अभिवृद्धि गर्न र दलितहरूको अधिकारको संरक्षण र प्रवर्धनका लागि सक्षम, योग्य र स्वतन्त्र सदस्यहरूको नियुक्तिको प्रावधान सहित पर्याप्त आर्थिक र मानव संसाधन उपलब्ध गराएर राष्ट्रिय दलित आयोगलाई पेरिस सिद्धान्त अनुरुप सबलीकरण गर्ने;
- **नेपालमा जात तथा लैङ्गिकतामा आधारित विभेदसँग सरोकार राख्ने** विभिन्न नीति तथा राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग लगायतका संस्था बीच प्रभावकारी संयोजन तथा एकीकृत कार्यको सुनिश्चित गर्ने;

**गृह मन्त्रालयका लागि गरिएका सिफारिसहरूः**

- छुवाछूत विरुद्धको ऐन विपरितका कार्यहरूमा शून्य सहनशीलताको नीतिका साथै दलित पीडित उत्तरजीविहरूले अनावश्यक तथा अव्यवहारिक प्रमाणहरू पेश गर्नुनपर्ने गरी सम्बद्ध कसुरहरूको प्रभावकारी तथा समयोचित तवरले दर्ता, अनुसन्धान र अभियोजन हुने तथा जाहेरी दर्ता गर्दा प्रहरीले छुवाछूत विरुद्धको ऐनको सही दफाको प्रयोग गर्ने कुराको सुनिश्चित गर्ने;
- पीडितहरूलाई यथाशीघ्र समयोचित तवरमा सहायता प्रदान गर्नका लागि प्रहरीका विभागहरूमा रहेका दलित सेललाई पर्याप्त कोष प्रदान गरी मानव तथा वित्तीय श्रोतका साथ कार्यान्वयन गरिएको सुनिश्चित गर्ने;
- छुवाछूत विरुद्धको ऐनका मुद्दाहरूको प्रभावकारी अनुसन्धानका लागि र गहिरो जरा गाडेर बसेका मानसिकता, दलित र महिला तथा बालिका विरुद्ध रहेको विभेदको संस्कृतिलाई निरन्तरता दिने पक्षपात र पूर्वाग्रहका बारेमा प्रहरी अधिकारीहरूलाई संवेदनशील बनाउने र तालिम दिने;

**राष्ट्रिय मानवअधिकार आयोगका लागि सिफारिसः**

- जात र लैङ्गिकतामा आधारित विभेद र छुवाछूतका घटनाहरूमा समयोचित ढङ्गमा सामूहिक रूपले प्रतिकार्य गर्नका लागि राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगसँग प्रभावकारी संयोजन सुनिश्चति गर्नका लागि पहल गर्ने;
- मानवअधिकार आयोगका कर्मचारीहरूलाई छुवाछूत विरुद्धको ऐनमा तालिम दिने र जातीय विभेद र छुवाछूत विरुद्धको कारबाहीलाई एकीकृत गर्न ज्ञान र दक्षता प्रदान गर्ने;
- जातीय विभेदको प्रचलन हटाउन तथा जातीय हिंसा विशेष गरी अन्तरजातीय विवाहमा हुने जातीय

हिंसालाई रोक्न देशव्यापी जनचेतना र शिक्षा अभियान सञ्चालन गर्ने।

**राष्ट्रिय दलित आयोगका लागि सिफारिसः**

- राष्ट्रिय महिला आयोग तथा अन्य आयोगहरूसँगको समन्वय र सहकार्यलाई सबल गर्न; छुवाछूत विरुद्धको ऐनसँग सम्बन्धित मुद्दाहरूलाई सामूहिक रूपमा सम्बोधन गर्न राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग र अन्य आयोगहरूसँगको संयुक्त समन्वय र सहयोगलाई बढाउने।
- प्रभावकारी अनुगमन, अनुसन्धान र प्रतिवेदन तथा जानकारी प्रदान गर्ने र सरकारलाई छुवाछूत विरुद्धको ऐनसँग सम्बन्धित मुद्दाहरूमा समयोचित सिफारिसको लागि ज्ञान र सिपको अभिवृद्धि गर्ने;
- छुवाछूत विरुद्धको ऐनसँग सम्बन्धित मुद्दाहरूमा जवाफदेहीता सुनिश्चित गर्न प्रहरी महानिरीक्षकको कार्यालयसँग संलग्न भई आवश्यक कार्यहरू गर्ने।

**संयुक्त राष्ट्रसंघका निकायहरूका लागि गरिएका सिफारिसहरूः**

- सर्ड कमिटी (CERD Committee) र सिड कमिटी (CEDAW Committee) जस्ता सन्धि निकाय, विशेष प्रतिवेदक (Special Rapporteur) एवं विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review) का सिफारिसका साथै अन्तर्राष्ट्रिय मानवअधिकार कानूनअन्तर्गतको दायित्वहरूको पालना गर्न नेपाललाई प्राविधिक र अन्य प्रकारको सहायतामार्फत सहयोग गर्ने।
- जातीय र लैङ्गिक विभेद विरुद्ध लड्न आवश्यक कानुनी र नीतिगत छलफलमा अर्थपूर्ण रूपमा सहभागी गराउनका लागि नागरिक समाज, विशेष गरी दलित संघ संस्था र लैङ्गिक तथा अन्तरसमूहगत अवधारण सहित दलित अधिकारमा काम गर्नेहरूलाई सहयोग गर्ने।
- राष्ट्रिय दलित आयोग र अन्य राष्ट्रिय आयोगहरूलाई पेरिस सिद्धान्तहरू अनुरूप सबलीकरण गर्न नेपाललाई सिफारिस गर्ने।

# ५. निष्कर्ष तथा सिफारिसहरू

यस प्रतिवेदनमा दस्तावेजीकरण गरिएका अनुभवहरूले देखाएअनुसार दलित विरूद्धको विभेद अझै पनि प्रणालीगत र व्यापक रहेको छ। यो विभेदको ऐतिहासिक जरो आज पनि नेपालको सामाजिक तथा सांस्कृतिक जीवनका सबै पक्षहरूमा व्याप्त रहेको जात "प्रणाली" सँग जोडिएको छ। "छुवाछूत"को अभ्यासले गर्दा दलित व्यक्तिहरूले पृथकीकरण, बहिष्करण र हिंसा लगायतका पीडाका साथै विभेदका असरलाई प्रत्येक दिन अनुभव गर्ने गर्दछन्। महिला तथा बालिकाहरू हिंसा र विभेदका अन्तरसामूहिक स्वरूपहरूबाट पीडित रहेका छन् र यी स्वरूपहरू पितृसत्तामा समेत आधारित छन्।

यस सवालमा नेपालले विरोध जनाएको छैन। अन्तर्राष्ट्रिय सन्धि अनुगमन गर्ने निकायहरूसँगको[२] अन्तरक्रिया तथा विश्वव्यापी आवधिक समीक्षाको[३] दौरान नेपालले आफ्नो सरहद भित्र जातीय विभेद निरन्तर भइरहेको र यस विरुद्ध लड्ने प्रतिबद्धता जनाएको छ।

संवैधानिक र कानुनी सुधारका साथै नीति तथा संस्थाहरूको सिर्जना हुनु एउटा महत्त्वपूर्ण अग्रगामी कदम हो। यद्यपि, राष्ट्रिय कानुनहरूमा एउटा खाडल रहेको छ किनभने यी कुनै पनि कानुनहरूले लैङ्गिक तथा जातीय हिंसालाई अन्तरसामूहिकताको दृष्टिकोणबाट (intersectional perspective) संबोधन गर्दैनन् र छुवाछूत विरुद्धको ऐन तथा कार्यविधिगत नियमहरूमा कैयन कमजोरी रहेका छन्।

जेसुकै भएपनि राज्यले गरेका प्रयासहरू अझै पनि अपर्याप्त र अपूर्ण छन् र ती कागजमा मात्रै सीमित देखिन्छन्। तर ती प्रयासहरूले दलित र खासगरी दलित महिला तथा बालिकाहरूको जीवन र मानवअधिकार अवस्थामा वास्तविक परिवर्तन ल्याएका छैनन्।

राज्य दलित र विशेष गरी दलित महिला तथा बालिकाहरूलाई सामान्यकृत गरिएको विभेद र हिंसाबाट संरक्षण गर्न र पीडित उत्तरजीवीहरूलाई न्यायमा प्रभावकारी, समयोचित र अर्थपूर्ण पहुँच प्रदान गर्ने जिम्मेवारी पूरा गर्न विफल भएको छ। वास्तवमा छुवाछूत र जातीय विभेद तथा अन्य गम्भीर अपराधलाई

---

[२] सर्ड कमिटिमा नेपालले बुझाएको प्रतिवेदन, नेपालको १३ औं आवधिक प्रतिवेदन, २८ जुलाई १९९७, UN Doc: CERD/C/298/Add.1, नेपालको १४ औं आवधिक प्रतिवेदन, १२ मे १९९९, UN Doc: CERD/C/337/Add.4, र नेपालको १६ औं आवधिक प्रतिवेदन, ३० जुलाई २००३, UN Doc: CERD/C/452Add.2,

[३] संयुक्त राष्ट्र सङ्घ मानवअधिकार परिषद्, विश्वव्यापी आवधिक समीक्षा कार्य समूहको प्रतिवेदन, नेपाल, डिसेम्बर २०२३, , https://www.refworld.org/reference/countryrep/unhrc/2015/en/108955, पेज ८, सन् २०११ को जनवरी र सन् २०१५ को नोभेम्बरमा युपिआर प्रक्रियाले छुवाछूत र जातीयतामा आधारित विभेद उन्मूलन गर्ने सवालमा थुप्रै सिफारिसहरू गरेको थियो र नेपाल सरकारले जातियतामा आधारित विभेद उन्मूलसम्बन्धी सबै सिफारिसहरूलाई ग्रहण गरेको थियो। र नेपालले छुवाछूत विरुद्धको ऐनलाई कार्यान्वयन गर्ने दिशामा कदम चालिरहेको तथा उक्त कानुनअन्तर्गत जातीय विभेदका मुद्दाहरूलाई अभियोजन गरिएको जनाएको थियो। नेपालले सुरक्षा अधिकारीहरूको क्षमता विकास र सचेतना अभिवृद्धिमा ध्यान दिइरहेको र पीडितलाई न्यायमा पहुँच तथा मुद्दाहरूको अनुसन्धानमा हुने ढिलाइ हटाउनमा काम गरिरहेको जनाएको थियो। यसका अतिरिक्त सरकारले व्यवहारमा विद्यमान विभेद अन्त्यका लागि एकीकृत कार्ययोजना ल्याउने पनि प्रतिबद्धता जनाएका थिए।

निषेधित र अपराधीकरण गरिएको भएपनि दण्डहीनता नै नियम बनेको छ।

छुवाछूत विरुद्धको ऐनमा रहेको अपर्याप्त कानुनी हदम्याद, न्याय प्रणालीमा दलित समुदायको प्रतिनिधित्वको अभाव तथा प्रभावकारी अनुगमन संयन्त्र र जवाफदेहिताको अभावलगायत धेरै कारणले गर्दा दण्डहीनता व्याप्त रहेको छ।

यस अनुसन्धानका लागि अन्तर्वार्ता लिइएका सबैले एकदमै एकरूपताले उठाएको यसको कारण के थियो भने दलित समुदायले सामान्यतया प्रहरी र न्याय प्रणालीलाई विश्वास गर्दैनन् र सीमित सरकारी तहका उपलब्ध तथ्याङ्क (जसले विभेद यति व्यापक हुँदा पनि जातीय आधारमा भएका घटनाहरूको हास्यास्पद न्यून संख्या देखाउँदछ) ले हिंसालाई सामना गरिरहेका दलित महिला लगायतका दलितहरूको उक्त अविश्वास वास्तविक रहेको पुष्टि गर्दछ। छुवाछूत विरुद्धको ऐनअनुसार विभेद र हिंसा विरुद्ध लड्न तथा न्यायमा पहुँचका लागि प्रहरी नै प्रवेश विन्दुको रूपमा रहेको छ। तर यस अनुसन्धानमा अभिलेख गरिएअनुसार पीडितहरू प्रहरी सामु पुग्दा प्रहरी जाहेरी दर्ता गर्न हिच्किचाउँछन् र यदि उनीहरूले जाहेरी दर्ता गरे नै भनेपनि पीडित उत्तरजीवीहरूबाट अपराधको प्रमाणको सम्बन्धमा अव्यवहारिक आवश्यकताहरूको माग गर्ने गर्दछन् र केही अवस्थामा त अधिकारीहरू अनुसन्धान गर्ने आफ्नो कर्तव्यलाई जानाजानी उपेक्षा गर्दछन्।

उल्लिखित सबै कारणले जातिवाद र पितृसत्तासँग सम्बन्धित मानवअधिकार उल्लङ्घनहरूमा "दण्डहीनताको संस्कृति" सिर्जना भएको छ र राज्यले यसलाई प्रतिवाद गर्नका लागि पर्याप्त कार्य गरेको छैन। वास्तवमा आफ्नो दायित्व पूरा गर्न नसक्ने सार्वजनिक अधिकारीहरूलाई जवाफदेही बनाउन तथा विश्वासको खाडललाई पुर्नमा भएको राज्यको विफलता लगायत उसको निष्कृयता वा सीमित कार्यहरूले दण्डहीनताको यस संस्कृतिलाई सबलीकरण गरिरहेको छ र समाजलाई जात र लिङ्गमा आधारित हिंसा र विभेद "स्वीकार्य" तथा "प्राकृतिक" कुरा हो भन्ने सन्देश प्रवाह गरिरहेको छ। यस प्रतिवेदनको निम्ति अन्तर्वार्ता लिइएको एकजना दलित महिला अनिता महराले प्रष्टसँग “कसैलाई मतलब छैन” भने जस्तै प्रतित हुन्छ।[४]

दलित समुदाय र विशेषगरी दलित महिला तथा बालिकाहरूले भोगेका अभिलिखित अनुभवहरूको आधारमा र परिवर्तनका लागि उनीहरूको विचारको आधारमा नेपाललाई एम्नेस्टी इन्टरनेसनल देहायको सिफारिस गर्दछः

## सिफारिसहरू

**नेपालले मानवअधिकारसम्बन्धी दायित्वहरूमा आधारित रहेर र अन्तरसामूहिकताको दृष्टिकोणलाई ध्यान दिँदै नेपालमा गहिरो गरी जरा गाडेर रहेको जात र लैङ्गिकतामा आधारित हिंसा र विभेदको लागि साँच्चिकैको रूपान्तरणकारी प्रतिकार्य योजना सिर्जना गर्नुपर्दछ।** यस योजनाले दण्डहीनताको संस्कृति विरूद्ध लड्न आवश्यक छ र यसले अपराधिकरणका उपायहरू भन्दा पृथक र फराकिला उपायहरू तर्जुमा गर्नुपर्दछ। जसमा रूढी धारणा (stereotype) र पूर्वाग्रह विरुद्ध लड्नका लागि सचेतना अभियानका साथै प्रणालीगत जातिवादलाई ध्वस्त पार्न र समाज र मुख्य संस्थाहरूमा विद्यमान लैङ्गिकतामा आधारित हिंसा विरुद्ध लड्नका लागि लक्षित नीतिहरूको विकास पनि पर्दछ। यसमा पीडित उत्तरजीवीहरूलाई सहयोग, संरक्षण र पर्याप्त उपचारको व्यवस्थाका साथै उनीहरूको सशक्तिकरणको विषय र हिंसा तथा विभेदलाई प्रभावकारी रूपमा रोकथाम गर्नको लागि स्पष्ट उपायहरू पनि समावेश गर्नुपर्छ। समस्याको व्यापकतालाई

[४] एम्नेस्टी इन्टरनेसनलसँगको अन्तर्वार्ता, १ जुन २०२३। सुरक्षाको कारणले गर्दा उनको वास्तविक नाम खुलाइएको छैन।

बुझ्न र प्रगतिको मापन गर्नका लागि विस्तृत अलग-अलग तथ्याङ्क सङ्कलन यस योजनाको प्रमुख भाग हुनुपर्छ।

**उत्पीडन र गहिरिएर रहेको जातीय पूर्वाग्रह, पितृसत्ता र विभेदको संस्कृतिको अन्तरपुस्तागत इतिहासका कारण कमजोर रहेको उनीहरूको अवस्थामा सुधारका लागि राज्यले अस्थायी विशेष उपायहरूका साथै दलित र विशेष गरी दलित महिला र बालिकाहरूद्वारा सबै मानवअधिकारहरूको पूर्ण प्राप्तिको लागि उपयुक्त विधायिकी, प्रशासनिक, बजेटगत, न्यायिक र अन्य कार्यहरू अवलम्बन** गर्नुपर्दछ। यी कार्यहरूले समाजमा रहेको छुवाछूतको संस्कृति र अभ्यासलाई रूपान्तरण गर्ने र दलित विरूद्ध हुने पृथकीकरण, बहिष्करण तथा हिंसाको सामान्यीकरणलाई प्रतिवाद गर्नेतर्फ लक्षित सारभूत समानतालाई प्रवर्धन गर्नुपर्छ।

मानवअधिकारको परिपूर्ति गर्ने राज्यको दायित्व भएकोले जब विभेद वा अन्य मानवअधिकार दुर्व्यवहार हुन्छ **राज्यले दलित र विशेष गरी दलित महिला तथा बालिकाहरूलाई न्यायमा पर्याप्त पहुँच र यथा समयमै परिपूरण प्रदान** गर्नुपर्दछ। त्यस्ता प्रावधानहरूमा लैङ्गिक र जातीय-संवेदनशील र पर्याप्त अनुसन्धान, कानुनी कारबाही, प्रमाणहरूको व्यवस्थापन, रोकथाम, तथा कानून र नीतिको प्रभावकारी कार्यान्वयन र अनुगमनको व्यवस्था समावेश हुनुपर्छ। जात र लैङ्गिकताका आधारमा हुने अन्तरसमूहगत विभेदलाई निषेध गर्ने कानुनका साथै न्याय निरूपण र तथ्याङ्क सङ्कलनमा जात र लैङ्गिकतालाई समावेश गर्न अन्य उपयुक्त उपायहरूको अवलम्बन गरिनुपर्छ।

**यो सबै गर्दा राज्यले दलित जनता एवं उनीहरूसँग काम गर्ने संस्था र विशेषगरी दलित महिलाहरूको आवाज सुन्नुपर्दछ** र उनीहरूसँगै मिलेर अर्थपूर्ण समाधानहरूको तर्जुमा गर्नुपर्छ। दलितहरूले शताब्दीयौंदेखि भोग्दै आएका ऐतिहासिक उत्पीडनको जवाफदेहिता र उपचार सहित यस विरासतको सामना गर्ने संयन्त्रका लागि पनि राज्यले विचार गर्नुपर्छ।

यी फराकिला सिफारिसहरूका अतिरिक्त एम्नेस्टी इन्टरनेसनलले विभिन्न संस्थाहरूका लागि विशेष सिफारिसहरू पनि प्रदान गरेको छः

**सङ्घीय संसद्का लागि गरिएका सिफारिसहरू :**

छुवाछूत विरुद्धको ऐन र अन्य सान्दर्भिक कानूनअन्तर्गत जातीय विभेदका घटनाहरूको सवालमा उजुरी गर्नमा रहेको अवरोधका साथै जात तथा लैङ्गिकतामा आधारित विभेदमा अन्तर्समूहगत दृष्टिकोणको अभावलाई ध्यानमा राख्दै विद्यमान कानून र प्रक्रियागत नियमहरूको समीक्षा गर्ने। विशेषगरी एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले संघीय संसद्लाई निम्न सवालहरूमा ठोस परिवर्तन कार्यान्वयनका लागि दलित समुदाय, पीडित उत्तरजीवीहरू र साझेदारहरूसँग स्वतन्त्र र स्वच्छ परामर्श गर्नका लागि आह्वान गरेको छः

- जातमा आधारित विभेदको बारेमा उजुरी गर्ने सवालमा बाधक रहेको छोटो र अपर्याप्त हदम्यादलाई संशोधन गर्ने;
- जातका आधारमा हुने अपराधको उजुरी प्राप्त गर्दा र सोसँग सम्बन्धित जाहेरीहरू दर्ता गर्दा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले लापरवाही, अनिच्छा वा इन्कार गरेमा, अनौपचारिक मध्यस्थताको सहारा लिएमा र/वा प्रभावकारी र समयोचित अनुसन्धान गर्न र अभियोगपत्र दायर गर्न विफल रहेमा सोको अनुसन्धानका लागि एउटा स्वतन्त्र संयन्त्र स्थापना गर्ने;
- छुवाछूत विरुद्धको ऐन र सम्बद्ध कसूरहरूमा दलित पीडित उत्तरजीवीहरूबाट जाहेरी दर्ता गर्ने समयमा अनावश्यक र अव्यवहारिक प्रमाणको माग नगरी प्रभावकारी र समयोचित तवरले छुवाछूत विरूद्धको ऐनको सही दफाअन्तर्गत सही तरिकाले मुद्दा दर्ता, अनुसन्धान र अभियोजन

हुने कुरा सुनिश्चित गर्नका लागि जातीय विभेदका घटनाहरूको अनुसन्धान, अभियोजन र निगरानीसम्बन्धी मार्गदर्शनका लागि विभेद र छुवाछूतविरुद्ध नियमावलीहरूको वृहद् मस्यौदा तयार गर्ने;

- छुवाछूत विरुद्धको ऐनको कार्यन्वयनको अवस्थासम्बन्धी प्रतिवेदन संसदमा छलफल हुने कुरा सुनिश्चित हुने गरी संसद्को कानुन, न्याय तथा मानवअधिकार समिति र/वा अन्य प्रक्रियाहरूको कार्यक्षेत्र मातहत छुवाछूत विरुद्धको ऐनको कार्यान्वयन सुनिश्चित गर्न एक निरीक्षण संयन्त्र सिर्जना गर्ने;
- प्रहरी अनुसन्धान र अभियोजनमा तथा दलित महिला र बालिकाहरूलाई अझ राम्रो सेवा प्राप्त गर्न सक्षम बनाउनका लागि जातलाई अन्तरसामूहिक तत्वका रूपमा लिनेगरी छुवाछूतविरुद्धको ऐनलाई अन्य कानुनहरू विशेष गरी लैङ्गिक हिंसासँग सम्बन्धित कानूनहरूसँग जोड्ने ।
- छुवाछूतविरुद्धको ऐनअन्तर्गतका जातीय विभेदका घटना तथा मुद्दाहरूका साथै दलित महिला र बालिकाहरूलाई असर गर्ने जातीय तथा लैङ्गिक हिंसाका घटनाहरूलाई पर्याप्त रूपमा अभिलेख गर्नका लागि विस्तृत तथ्याङ्क सङ्कलनको सुनिश्चित गर्ने।

**प्रधानमन्त्रीको कार्यालयको लागि गरिएका सिफारिसहरूः**

- जातका आधारमा हुने अपराधको उजुरी प्राप्त गर्दा र सोसँग सम्बन्धित जाहेरीहरू दर्ता गर्दा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले लापरवाही, अनिच्छा वा इन्कार गरेमा, अनौपचारिक मध्यस्थताको सहारा लिएमा र/वा प्रभावकारी र समयोचित अनुसन्धान गर्न र अभियोगपत्र दायर गर्न विफल रहेमा सोको अनुसन्धानका लागि एउटा स्वतन्त्र संयन्त्र स्थापना गर्ने। यदि प्रमाण पुगेको खण्डमा त्यस संयन्त्रसँग अधिकारीहरूलाई कारबाही गर्ने अधिकार हुनुपर्छ।
- ऐनको कार्यान्वयनका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगको सम्भावित संलग्नतामा एक निरीक्षण संयन्त्र स्थापना गर्ने;
- जातीय विभेद विरूद्धका नीति र कार्यक्रमलाई प्राथमिकतामा राख्न र भुइँ तहमा प्रभावकारी अभियानहरू सञ्चालन गर्नका लागि स्थानीय तहका सरकारहरूलाई संघीय र प्रादेशिक सरकारले पर्याप्त स्रोत र आवश्यक सहयोग उपलब्ध गराउने कुरा सुनिश्चित गर्ने;
- जातीय विभेद तथा छुवाछूत सम्बद्ध कानुनको कार्यान्वयन गर्ने भूमिका र जिम्मेवारीको अभिवृद्धि गर्न र दलितहरूको अधिकारको संरक्षण र प्रवर्धनका लागि सक्षम, योग्य र स्वतन्त्र सदस्यहरूको नियुक्तिको प्रावधान सहित पर्याप्त आर्थिक र मानव संसाधन उपलब्ध गराएर राष्ट्रिय दलित आयोगलाई पेरिस सिद्धान्त अनुरुप सबलीकरण गर्ने;
- **नेपालमा जात तथा लैङ्गिकतामा आधारित विभेदसँग सरोकार राख्ने** विभिन्न नीति तथा राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग लगायतका संस्था बीच प्रभावकारी संयोजन तथा एकीकृत कार्यको सुनिश्चित गर्ने;

**गृह मन्त्रालयका लागि गरिएका सिफारिसहरूः**

- छुवाछूत विरुद्धको ऐन विपरितका कार्यहरूमा शून्य सहनशीलताको नीतिका साथै दलित पीडित उत्तरजीविहरूले अनावश्यक तथा अव्यवहारिक प्रमाणहरू पेश गर्नुनपर्ने गरी सम्बद्ध कसुरहरूको प्रभावकारी तथा समयोचित तवरले दर्ता, अनुसन्धान र अभियोजन हुने तथा जाहेरी दर्ता गर्दा प्रहरीले छुवाछूत विरुद्धको ऐनको सही दफाको प्रयोग गर्ने कुराको सुनिश्चित गर्ने;
- पीडितहरूलाई यथाशीघ्र समयोचित तवरमा सहायता प्रदान गर्नका लागि प्रहरीका विभागहरूमा रहेका दलित सेललाई पर्याप्त कोष प्रदान गरी मानव तथा वित्तीय श्रोतका साथ कार्यान्वयन गरिएको सुनिश्चित गर्ने;

- छुवाछूत विरुद्धको ऐनका मुद्दाहरूको प्रभावकारी अनुसन्धानका लागि र गहिरो जरा गाडेर बसेका मानसिकता, दलित र महिला तथा बालिका विरुद्ध रहेको विभेदको संस्कृतिलाई निरन्तरता दिने पक्षपात र पूर्वाग्रहका बारेमा प्रहरी अधिकारीहरूलाई संवेदनशील बनाउने र तालिम दिने;

**राष्ट्रिय मानवअधिकार आयोगका लागि गरिएका सिफारिसहरूः**

- जात र लैङ्गिकतामा आधारित विभेद र छुवाछूतका घटनाहरूमा समयोचित ढङ्गमा सामूहिक रूपले प्रतिकार्य गर्नका लागि राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगसँग प्रभावकारी संयोजन सुनिश्चति गर्नका लागि पहल गर्ने;
- मानवअधिकार आयोगका कर्मचारीहरूलाई छुवाछूत विरुद्धको ऐनमा तालिम दिने र जातीय विभेद र छुवाछूत विरुद्धको कारबाहीलाई एकीकृत गर्न ज्ञान र दक्षता प्रदान गर्ने;
- जातीय विभेदको प्रचलन हटाउन तथा जातीय हिंसा विशेष गरी अन्तरजातीय विवाहमा हुने जातीय हिंसालाई रोक्न देशव्यापी जनचेतना र शिक्षा अभियान सञ्चालन गर्ने।

**राष्ट्रिय दलित आयोगका लागि गरिएका सिफारिसहरूः**

- राष्ट्रिय महिला आयोग तथा अन्य आयोगहरूसँगको समन्वय र सहकार्यलाई सबल गर्न; छुवाछूत विरुद्धको ऐनसँग सम्बन्धित मुद्दाहरूलाई सामूहिक रूपमा सम्बोधन गर्न राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग र अन्य आयोगहरूसँगको संयुक्त समन्वय र सहयोगलाई बढाउने।
- प्रभावकारी अनुगमन, अनुसन्धान र प्रतिवेदन तथा जानकारी प्रदान गर्ने र सरकारलाई छुवाछूत विरुद्धको ऐनसँग सम्बन्धित मुद्दाहरूमा समयोचित सिफारिसको लागि ज्ञान र सिपको अभिवृद्धि गर्ने;
- छुवाछूत विरुद्धको ऐनसँग सम्बन्धित मुद्दाहरूमा जवाफदेहीता सुनिश्चित गर्न प्रहरी महानिरीक्षकको कार्यालयसँग संलग्न भई आवश्यक कार्यहरू गर्ने।

**संयुक्त राष्ट्रसंघका निकायहरूका लागि गरिएका सिफारिसहरूः**

- सर्ड कमिटी (CERD Committee) र सिड कमिटी (CEDAW Committee) जस्ता सन्धि निकाय, विशेष प्रतिवेदक (Special Rapporteur) एवं विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review) का सिफारिसका साथै अन्तर्राष्ट्रिय मानवअधिकार कानूनअन्तर्गतको दायित्वहरूको पालना गर्न नेपाललाई प्राविधिक र अन्य प्रकारको सहायतामार्फत सहयोग गर्ने।
- जातीय र लैङ्गिक विभेद विरुद्ध लड्न आवश्यक कानुनी र नीतिगत छलफलमा अर्थपूर्ण रूपमा सहभागी गराउनका लागि नागरिक समाज, विशेष गरी दलित संघ संस्था र लैङ्गिक तथा अन्तरसमूहगत अवधारण सहित दलित अधिकारमा काम गर्नेहरूलाई सहयोग गर्ने।
- राष्ट्रिय दलित आयोग र अन्य राष्ट्रिय आयोगहरूलाई पेरिस सिद्धान्तहरू अनुरूप सबलीकरण गर्न नेपाललाई सिफारिस गर्ने।

एम्नेस्टी इन्टरनेसनल
मानवअधिकारका लागि एउटा
विश्वव्यापी अभियान हो।
कोही एकजनालाई अन्याय
हुँदा त्यो हामी सबैको चासोको
विषय बन्छ।


CONTACT US

info@amnesty.org

+44 (0)20 7413 5500

JOIN THE CONVERSATION

www.facebook.com/Amnesty

@Amnesty

# “कसैलाई मतलब छैन”

## नेपालमा दलित विरुद्ध वंशमा आधारित विभेद

संवैधानिक सुधार र जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ जस्तो विशिष्टिकृत ऐनमार्फत भएको कानुनी सुधारका साथै नीति र संस्थाहरूको निर्माणका बाबजुद दलित र दलित महिला तथा बालिका विरुद्ध उत्पीडन, छुवाछूत र जातमा आधारित विभेदको अन्तर्पुस्तागत इतिहास नेपालमा अझै पनि प्रणालीगत रूपमा विद्यमान रहेको विषयलाई एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनले प्रकाश पारेको छ। दण्डहीनताको संस्कृति व्याप्त छ र यसले समाजलाई जातीय र लिङ्गमा आधारित हिंसा र विभेद “प्राकृतिक” र “स्वीकार्य” हो भन्ने सन्देश दिइरहेको छ।

जातमा आधारित विभेद र हिंसालाई रोकथाम गर्न र पीडित उत्तरजीवीहरूलाई संरक्षण तथा पर्याप्त उपचार र परिपूरण प्रदान गर्नका लागि प्रभावकारी उपायहरू सुनिश्चित गर्न एम्नेस्टी इन्टरनेसनल नेपाल सरकारलाई आह्वान गर्दछ। छुवाछूत विरुद्धको ऐनअन्तर्गत उजुरी दिनमा रहेका अवरोधहरूलाई संबोधन गर्न र यस ऐनअन्तर्गत मुद्दाहरूको प्रभावकारी अनुसन्धानका लागि प्रहरीलाई सचेतीकरण र तालिम प्रदान गर्न तथा यस ऐन विपरितका कार्यहरूमा शून्य सहनशीलताको नीति सुनिश्चित गर्न पनि एम्नेस्टी इन्टरनेसनल सिफारिस गर्दछ। सबै दलितहरूद्वारा सबै मानवअधिकारहरूको पूर्ण प्राप्तिको लागि राज्यले उपयुक्त विधायिकी, प्रशासनिक, बजेटगत, न्यायिक र अन्य कार्यहरू अवलम्बन गर्नुपर्दछ।

नेपालमा गहिरो गरी जरा गाडेर रहेको जात पूर्वाग्रह र रूढी धारणालाई संबोधन गर्न, प्रणालीगत जातिवादलाई ध्वस्त पार्न तथा जात र लैङ्गिकतामा आधारित हिंसा विरुद्ध लड्नका लागि मानवअधिकारसम्बन्धी दायित्वहरूमा आधारित रहेर र अन्तरसामूहिकताको दृष्टिकोणलाई ध्यान दिँदै एउटा साँच्चिकैको रूपान्तरणकारी प्रतिकार्य योजना सिर्जना गर्नका लागि एम्नेस्टी इन्टरनेसनल नेपाल सकारलाई दलित र विशेष गरी दलित महिता तथा दलित अधिकार क्षेत्रमा काम गर्ने संस्थाहरूको आवाज सुन्न आह्वान गर्दछ।

INDEX: ASA 31/7980/2024
MAY 2024
ORIGINAL LANGUAGE: ENGLISH
amnesty.org

AMNESTY INTERNATIONAL